NEPALLIFE INSURANCE

पत्र संख्या/च.नं. ६७७/२०८३/८४

मिति: २०८३/०६/०७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय: संस्थापक शेयर खरिद/बिक्रि नामसारी स्वीकृती सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीका संस्थापक शेयरधनी उदय प्रसाद ओझाले आफ्नो नाममा रहेको ५०,००० कित्ता संस्थापक शेयर बिक्रि गर्नको लागि कम्पनीमा निवेदन दिनु भएनुसार मिति २०८२/११/११ गतेको "आर्थिक अभियान राष्ट्रिय दैनिकमा" ३५ दिने सूचना प्रकाशित गरिएकोमा सो अवधि भर संस्थापक शेयर खरिदको लागि बिद्यमान संस्थापक शेयरधनीहरु बाट सो उपर कुनै आवेदन प्राप्त हुन नसके पश्चात विक्रि प्रबन्धक गरिमा क्यापिटल लि. ले मिति २०८३/०१/१० गतेको "आर्थिक अभियान राष्ट्रिय दैनिकमा" इच्छुक कम्पनी, संस्था तथा सर्वसाधारण व्यक्तिहरुका लागि बोलकबोल बिक्रि गर्न कम्पनीमा निवेदन दिनुभएकोमा, संस्थापक शेयरधनी उदय प्रसाद ओझाले बिक्रि गर्न लाग्नु भएको संस्थापक शेयर मध्ये तपसिलमा उल्लेखित संस्थापक शेयरधनी नयाँ व्यक्तिहरुलाई **बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७** को दफा ११ को उपदफा ३ बमोजिम प्रचलित कानुनको रित पुऱ्याई मिति २०८३/०२/१९ गतेको संचालक समितिको सहमति पत्र नं. ४२१ को निर्णयानुसार खरिद/बिक्रि कार्य गर्न/गराउन तथा नेपाल बीमा प्राधिकरणबाट मिति २०८३/०६/०६ मा प्राप्त पत्र अनुसार स्वीकृती प्रदान गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

तपसिल

क्र.सं.	संस्थापक शेयरधनी (विक्रेता)	खरिद/विक्रि हुने शेयर संख्या	नयाँ खरिदकर्ताको नाम	प्रति कित्ता बिक्रि मूल्य रु.
१	उदय प्रसाद ओझा	२,०००	डेभिड ढकाल	४५१
		२,०१६	दिपेश न्यौपाने	४२१
	जम्मा कित्ता	**४,०१६**		

(विनोद कुमार भुजेल)
कम्पनी सचिव

बोधार्थ
१. श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।
३. श्री गरिमा क्यापिटल लि.
कमलपोखरी, काठमाडौं ।

किनकि जीवन अमूल्य छ...